# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेटाङ नगरपालिका

## मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेटाङ नगरपालिका

## मोरङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेटाङ नगरपालिका

### मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**कोशी प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. ११७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मोरङ ।

**कैफियतसहितको राय**

हामीले लेटाङ नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ७ करोड ६५ लाख ९२ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १७ लाख ५९ हजार बेरुजु फस्योंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५८ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ७७ लाख ७ हजार, नियमित गर्नुपर्ने रु २ करोड २२ हजार र पेश्की रू. १२ लाख १० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १० करोड ३३ लाख ५० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु १७ करोड ८१ लाख ८३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

लेटाङ नगरपालिका, मोरङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु वर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६० | १२९ | ७६५९२ | ० | २० | १७५९ | ६० | १०९ | ७४८३३ | ५८९४ | २००२२ | ४७७०७ | ० | ० | ६७७२९ | १२१० |

### १.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४६ | आन्तरिक राजश्व खाता दाखिला | ५१०५७५।०० |
| २ | ४९ | पदाधिकारीको अनुगमन प्रतिवेदन पेश | ८३६५००।०० |
| ३ | ५९ | बैठक भत्ता १५ जना मध्ये ३ जनाको दाखिला प्रमाण पेश | ३०००।०० |
| ४ | ८२ | पारिश्रमिक कर १५ जना मध्ये १४ जनाको दाखिला प्रमाण पेश | १०८६७९।०० |
| ५ | ८५ | कोष स्थापना भएको प्रमाण पेश | ३०००००।०० |
| | | जम्मा रु | १७५८७५४।०० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लेटाङ नगरपालिका मोरङ | १०३३५० | ० | ० | १०३३५० | ० | ७४८३३ | १७८१८३ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लेटाङ नगरपालिका, मोरङ , लेटाङ नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अच्यूत प्रसाद दाहाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुशिल वास्तोला | २०७७-४-१ | हाल सम्म कार्यरत |
| बेरुजु रकम | | | ७४,८३२,८२९ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६,७९,९२,४४०.७८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,९९,२०,००० | **चालु खर्च** | ३४,४१,१६,१९७.९३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५८,०३,००० | **पूँजीगत खर्च** | ३५,४४,३५,५४६ |
| **राजश्व बाँडफाँट** | ९,९१,२१,५१८.२२ | **वित्तीय/अन्य व्यवस्था** | १६,५२,३९,१६७.३ |
| **आन्तरिक आय** | १३,८३,११,६३१.९२ | | |
| **अन्य आय** | १९,३७,४९,०७१.६२ | | |
| **कुल आय** | ८५,६९,०५,२२१.७६ | **कुल खर्च** | ८६,३७,९०,९११.२३ |
| **बाँकी मौज्दात** | | १६,११,०६,७५१.३१ | |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण<br>लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अुनसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७९, इकाईगत लेखापरीक्षण योजना २०७९, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलब्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयबाट प्राप्त जवाफ र व्यवस्थापनसँगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन्।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लेटाङ नगरपालिका, मोरङको स्थापना भएको हो । मोरङ जिल्लाको उत्तरपूर्वी भागमा पर्ने यस नगरपालिका जाँते, भोगटेनी, वाराङी लगायतका गाविसका वडाहरु मिलाएर वि.स. २०७३ सालमा पुनर्गठन गरिएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकाको कूल जनसंख्या वि.स. २०७८ सालको प्रारम्भिक जनगणना प्रतिवेदन अनुसार ३८ हजार ६७५ जना रहेको छ ।यस नगरपालिकाको क्षेत्रफल २१९.२३ वर्ग कि.मी. रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति भुक्तानी हिसाब<br><table><tr><td>आ.व.२०७८ ।०७९</td><td>प्राप्ती भुक्तानी हिसाव</td><td>म.ले.प. फारम २७२</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७५,१८,३९,०००.०० | ६९,९३,७०,८२८.७६ | | ६९,९३,७०,८२८.७६ | ६२,२४,५४,२०४.३० | | ६२,२४,५४,२०४.३० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७४,१६,३९,०००.०० | ६८,०४,८६,९१२.१४ | ० | ६८,०४,८६,९१२.१४ | ५९,३९,७८,५७०.०७ | ० | ५९,३९,७८,५७०.०७ |
| ११००० कर | ११ | १३,६५,६३,४८०.०० | १३,२१,२८,९१६.६४ | ० | १३,२१,२८,९१६.६४ | १६,४२,७०,८५४.७१ | ० | १६,४२,७०,८५४.७१ |
| १३००० अनुदान | | ४४,०९,७३,०००.०० | ४४,३०,५३,७६२.०० | ० | ४४,३०,५३,७६२.०० | ४०,५९,१०,७४१.८८ | ० | ४०,५९,१०,७४१.८८ |
| संघीय सरकार | १२ | ३९,०१,७०,०००.०० | ३८,९९,२०,०००.०० | ० | ३८,९९,२०,०००.०० | ३८,०२,७९,८२७.०० | ० | ३८,०२,७९,८२७.०० |
| प्रदेश सरकार | १२ | ३,५८,०३,०००.०० | ३,५८,०३,०००.०० | ० | ३,५८,०३,०००.०० | १,३९,२३,०००.०० | ० | १,३९,२३,०००.०० |
| जनसहभागिता | | १,५०,००,०००.०० | १,७३,३०,७६२.०० | ० | १,७३,३०,७६२.०० | १,१७,०७,९१४.८८ | ० | १,१७,०७,९१४.८८ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | १६,४०,०२,५२०.०० | १०,२५,८३,०३३.५० | ० | १०,२५,८३,०३३.५० | २,३७,९६,९७३.४८ | ० | २,३७,९६,९७३.४८ |
| १५००० विविध प्राप्ति | | १,००,०००.०० | २७,२१,२००.०० | ० | २७,२१,२००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,०२,००,०००.०० | १,८८,८३,९१६.६२ | | १,८८,८३,९१६.६२ | २,८४,७५,६३४.२३ | | २,८४,७५,६३४.२३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,०२,००,०००.०० | १,०६,९२,७७६.६२ | ० | १,०६,९२,७७६.६२ | १,८४,१८,४९०.५० | ० | १,८४,१८,४९०.५० |
| धरौटी | | ० | ८१,९१,१४०.०० | ० | ८१,९१,१४०.०० | १,००,५७,१४३.७३ | ० | १,००,५७,१४३.७३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९५,१८,३९,०००.०० | ७०,६२,५६,५१८.२३ | | ७०,६२,५६,५१८.२३ | ५८,१८,४८,९४२.०५ | | ५८,१८,४८,९४२.०५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९४,१६,३९,०००.०० | ६९,८५,५१,७४३.९३ | | ६९,८५,५१,७४३.९३ | ५६,४९,०९,३८५.०५ | | ५६,४९,०९,३८५.०५ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १८,६२,०७,०००.०० | १७,५०,०६,१९७.५३ | ० | १७,५०,०६,१९७.५३ | १२,६५,२२,९७५.६९ | ० | १२,६५,२२,९७५.६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,६७,८१,५००.०० | १४,१५,५१,५००.०० | ० | १४,१५,५१,५००.०० | ११,९८,६८,५५३.०० | ० | ११,९८,६८,५५३.०० |
| २५००० सहायता (Subsidy) | १८ | २,०२,३४,०००.०० | १,५२,१०,९०३.४० | ० | १,५२,१०,९०३.४० | ४,८५,३९,८८५.३६ | ० | ४,८५,३९,८८५.३६ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,२५,५९,०००.०० | ६३,४४,३७१.०० | ० | ६३,४४,३७१.०० | २८,१९,५८७.०० | ० | २८,१९,५८७.०० |
| २८००० अन्य खर्च | १८ | ६४,५०,०००.०० | ६०,०३,२२६.०० | ० | ६०,०३,२२६.०० | १,८०,२४,१०६.०० | ० | १,८०,२४,१०६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५२,९४,०७,५००.०० | ३५,४४,३५,५४६.०० | ० | ३५,४४,३५,५४६.०० | २४,९१,३४,२७८.०० | ० | २४,९१,३४,२७८.०० |
| घ. अन्य भूक्तानी | | १,०२,००,०००.०० | ७७,०४,७७४.३० | | ७७,०४,७७४.३० | ५८,१८,४८,९४२.०५ | | ५८,१८,४८,९४२.०५ |
| कोषहरु | | १,०२,००,०००.०० | ५९,७९,९१८.३० | ० | ५९,७९,९१८.३० | ९९,५२,२१४.०० | ० | ९९,५२,२१४.०० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | १७,२९,५५४.०० | ० | १७,२९,५५४.०० | ६९,८७,३४३.०० | ० | ६९,८७,३४३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४,६९८.०० | | -४,६९८.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (२०,००,००,०००.००) | (६८,८५,६८९.४७) | | (६८,८५,६८९.४७) | ४,०६,०५,२६२.२५ | | ४,०६,०५,२६२.२५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,७९,९२,४४०.७८ | | १६,७९,९२,४४०.७८ | १७,२५,८९,४८७.२३ | | १७,२५,८९,४८७.२३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२०,००,००,०००.००) | १६,११,०६,७५१.३१ | | १६,११,०६,७५१.३१ | २१,३१,९४,७४९.४८ | | २१,३१,९४,७४९.४८ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६,१०,३२,४४५.३१ | | १६,१०,३२,४४५.३१ | १७,५१,२०,५३७.२८ | | १७,५१,२०,५३७.२८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण** | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br><br>· कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै भुक्तानी हुने CGAS तर्फका संघीय कार्यक्रमहरु सामाजिक सुरक्षा तथा संरक्षणतर्फको रु. १३,१०,३१,४७३ तथा एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमतर्फको रु. २,६५,०२,९२० गरी कूल निकासा रु. १५,७५,३४,३९३/ सुत्रको प्राप्ति भुक्तानीमा समावेश गरिएको छैन ।<br><br>· सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु. ६९,९३,७०,८२८.७६ मा कूल भुक्तानी रु ७०,६२,५६,५१८.२३ घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी र संचित कोष ) रु १६,७९,९२,४४०.७८ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु १६,११,०६,७५१.३१ देखिन्छ ।<br><br>. कार्यालयले सुत्र प्रणालीमा कार्यालय अन्तर्गतका प्रकोप व्यवस्थापन कोष र स्थानीय तह विविध कोष खाताको आम्दानीलाई सुत्रमा यस वर्षको आयमा समावेश गरेको छ । उक्त कोषहरुमा आ.व. ०७८।७९ को अन्तमा क्रमशः रु. १,१७,७३२ र रु. १९,६६,०९३.३२ गरी कूल रु. २०८३८२५.३२ मौज्दात रहेको देखिन्छ । आ.व. ०७७।७८ को वर्षान्तको बाँकी रकमलाई यस वर्षको प्राप्तितर्फ नभई गत वर्षको अल्यातर्फ समावेश गर्नुपर्दछ ।<br><br>तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **गत वर्षको जिम्मेवारी**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार (सुत्र प्रणालीको २७२ अनुसार) गत वर्षको मौज्दात रु. २७१०४९४०२ | २६१,८१९ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिएकोमा बैंक खातामा आर्थिक वर्षको अन्तमा रु. १७५१२०५३७ बाँकी मौज्दात देखिन्छ । पालिकाले उक्त भिन्नता यकिन गरी सो को हिसाब मिलान विवरण तयार गरेको देखिएन । गत आ.व. को अन्त्यमा बैंक खाता अनुसार रु. १७५१२०५३७ मौज्दात देखिएकोमा उक्त रकम यो बर्षको संचित कोष र धरौटीतर्फ रु. १६७९९२४४०.७८ तथा कोषहरुतर्फ रु. ६८६६२७६.५ गरी कूल रु. १७४८५८७१७.२८ जिम्मेवारी सारेको देखियो । घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्ने रु. | |
| ६ | | | **बैंक हिसाब विवरण** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंक खातामा स्रेस्ता भन्दा रु. ६८०११३३ बढी देखिएको छ । बैंक हिसाब मिलान गर्नुपर्ने देखिन्छ । | |

| बैंकको नाम | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.१, आन्तरिक राजस्व खाता | 0 | 0 |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | 0 | 0 |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग १.३, आन्तरिक अनुदान खाता | 0 | 0 |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | 0 | ७,११,८२३.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | 0 | ८४,५६,७३५.०० |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग ३.१, स्थानीय तह धरौटी खाता | १,३१,७१,३०४.२३ | १,३०,१३,३०४.२३ |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>९,६६,१९,२०८.५५</td><td>९,४७,२७,४७३.५५</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ५.१, स्थानीय तह विविध कोष खाता</td><td>१९,६६,०९३.३२</td><td>१९,६६,०९३.३२</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ६.१, स्थानीय तह विभाज्य कोष खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>राष्ट्रिय बाणिज्य बैंक लिमिटेड</td><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>१,१७,७३२.००</td><td>१,१७,७३२.००</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</td><td></td><td>१,५०,०००.००</td><td></td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td></td><td>४,९०,०८,१०७.२१</td><td></td></tr>
<tr><td colspan="2">निकासा फिर्ता बापत संचित कोषबाट अनुदान फिर्ता समायोजन भौचर नउठाएको रु.</td><td>-४८८४०४१७.२१</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>११२१९२०२८.१०</td><td>११,८९,९३,१६१.१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>कोषहरुको अभिलेख<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त</td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ । | |
| ८ | | | **धरौटी खाता**<br>धरौटी तर्फको आर्थिक विवरण अनुसार वर्षको अन्त्यमा बाँकी मौज्दात रु. १,३१,७१,३०४।२३ रहेकोमा बैंक मौज्दात रु. १,३०,१३,३०४।२३ कायम देखिन्छ । श्रेस्ता भन्दा रु. १,५८,०००।०० घटी मौज्दात रकम धरौटी खातामा जम्मा हुनु पर्नेमा राजश्व खातामा दाखिला भएको तर खर्च धरौटी खाताबाट लेखेको देखिएकोले सो को हिसाब मिलान गरि वास्तविक मौज्दात कायम गरेको प्रमाण पेश हुनुपर्ने रु. | १५८,००० |
| ९ | | | **दाखिला गर्न बाँकी कट्टी रकम**<br>वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२ ) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी सबै रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्दछ । पालिकाले कट्टी रकम भुक्तानी/दाखिला म.ले.प.फा.न. २७२ ले देखाए अनुसार रु. ४६९८ देखिएकोमा उक्त कट्टी रकम सम्बन्धित खातामा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु. | ४,६९८ |
| १० | | | **नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । स्थानीय तहको बजेट तर्जुमा कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी जारी गरेको छ । स्थानीय तहमा टोल वस्ती स्तरबाट आयोजनाको संकलन गरी तीनलाई विभिन्न सूचकका आधारमा अंकभार दिई प्राथमिकीकरण गर्नुपर्ने र बढी प्राथमिकता प्राप्त आयोजनाहरूलाई स्रोत उपलब्धताका आधारमा बजेट विनियोजन गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले वार्षिक बजेट तर्जुमा गर्दा छनौट गरेका आयोजना तथा कृयाकलापहरुको प्राथमिकीकरण गरेको छैन । यसबाट कम प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन हुने र बढी प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन नहुने अवस्था रहन सक्ने देखिन्छ ।<br>स्थानीय सरकारको सर्बोच्च अंगको रुपमा रहेको सभाबाट पारित भएका वार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वयन हुनु पर्दछ । यस नगरपालिकाको नवौं नगर सभावाट पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्दा अधिकांस नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा आएता पनि वजेटमा उल्लेखित निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन ।कार्यक्रम निर्माण तथा कार्यान्वयन पक्षलाई विश्लेषण गरि प्राप्त पृष्ठपोषणको आधारमा देखिएका कमि कमजोरीमा सुधार गरि | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | घोषित कार्यक्रमहरुलाई घोषणा अनुसार कार्यान्वयन गरिनु पर्दछ।<br>आर्थिक विकास अन्तरगत राजारानी आरुबोटे साग्मा जस्ता क्षेत्रमा होमस्टेलाइ प्रवर्द्धन तथा व्यवसायीकरणमा योगदान पुऱ्याउने उद्धेश्य राखि रु ४ लाख पर्यटन प्रवर्द्धन कार्यक्रममा वजेट व्यवस्था गरेता पनि कार्यान्वयन हुन नसकेको, कृषि तथा पशुपालनको व्यवसायिकीकरण गर्न संघ र प्रदेशसंग साझेदारीको लागी समपूरक कोषको स्थापना गर्ने गरी रु १ करोड वजेट विनियोजन गरेता पनि उक्त रकम पूर्वाधार तर्फ खर्च गरेको , पशुरोग अनुसन्धानका लागी ल्याव स्थापना गर्ने नीति वनाए पनि कार्यक्रम तय नगरेको, सामुदायिक वनहरुले बुझाउनुपर्ने १० प्रतिशत रकमबाट नगरपालिकाले वन वातावरण संरक्षणमा सामुदायिक वनहरुसंग साझेदारी तथा सहकार्यमा विकास निर्माणका काम गर्ने नीति रहेता पनि सामुदायिक वनहरुबाट १० प्रतिशत आय प्राप्त हुन नसकेको, सामाजिक विकास तर्फ१२ बर्षभन्दा बढी समय श्रीमान वेपत्ता भएका महिलाहरुको लागी जीवनस्तर अभिबृद्धि कार्यक्रममा रु १५ लाख बजेट व्यवस्था गरेता पनि यससंग सम्बन्धी कार्यविधि नवनाएकोल कार्यान्वयनमा जान नसकेको, गर्भावस्थादेखि हुनसक्ने लैङ्गिक हिंसाको अन्त्य गर्न छोरी बचाउँ पढाउँ सक्षम बनाउँ कार्यक्रममा वालिका वचत कार्यक्रममा रु ५ लाख रहेकोमा विनियोजन गरेकोमा कार्यविधि तथा नियम नवनेको, भौतिक पूर्वाधारमा नगरपालिका र वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माणमा रु १ करोड बजेट विनियोजन भएता पनि कार्यान्वयन गर्न नसकेको, पशुवधशालाको स्थापना गुणस्तरीय मासुपसलको लागी मापदण्ड बनाइ अनिवार्य पालना गर्नलगाइ त्यस्ता व्यवसाय नगरमा दर्ता गराउने नीति रहेता पनि बजेट तथा कार्यक्रम समावेस नगरेको, चुरे संरक्षणमा उत्कृष्ट कार्य गर्ने सामुदायिक वनलाइ पुरस्कृत गर्ने नीति लिई वन वातावरण संरक्षण तथा वृक्षारोपण कार्यक्रममा रु १० लाख वजेट विनियोजन गरेता पनि पुरस्कृत गर्ने मापदण्ड सहितको कार्यविधिको अभावमा कार्यान्वयन हुननसकेको, योजना तर्जुमा तथा कार्यान्वयनमा आवधिक योजना तर्जुमाको लागि रु १५ लाख तथा नगर पार्श्वचित्र निर्माण को लागि रु २० लाख बजेट विनियोजन गरेता पनि उक्त कार्यक्रम कार्यान्वयन गर्न सकेको देखिएन । यसरी नीति तथा कार्यक्रमको घोषणा गर्ने त्यसको कार्यान्वयनको पूर्व तयारि नगरी कार्यक्रम मात्र छनौट तथा बजेट विनियोजन गर्ने अवस्थाले बजेटको अनुमान तथा उपयोगमा यथार्थता नदेखिने र दिगो बिकासमा टेवा दिन नसक्ने देखिएकोले यस तर्फ सम्वद्ध पक्षको ध्यानाकर्षण अन आवस्यक देखिन्छ । | |
| ११ | | | **मध्यकालिन खर्च संरचना**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम स्थानीय तहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाडँबाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित खाका तथा बजेट सिमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन गर्नुपर्ने उल्लेख भएकोमा पालिका सो अनुसार समिति गठन गरेको भएतापनि उक्त समितिले बजेट प्रक्षेपण | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्दा मध्यकालिन खर्च संरचनाको व्यवस्था अनुसार आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नु पर्नेमा सो अनुसार भए गरेको पाइएन । | |
| १२ | | | **योजना छनौट तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गरी योजना तर्जुमा गर्नुपर्ने हुन्छ । पालिकाले आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण नगरी अल्पकालिक योजनाहरुलाई बढी प्राथमिकतामा राखी बजेट तर्जुमा गरेको देखियो । यस वर्ष पालिकाले अल्पकालीन महत्वका सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला र दीर्घकालिन उपादेयताका योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका योजनाहरु देहायअनुसार छन् - | |

| विवरण | योजना संख्या | रकम रु हजारमा (०००) |
|---|---|---|
| १ लाख भन्दा कम | २४ | १५६८ |
| १ लाख देखी ५ लाख सम्म | २०४ | ४२२४६ |
| ५ लाख देखी १० लाख सम्म | ४८ | २७०३५ |
| १० लाख देखि २० लाख सम्म | ४५ | ६०२८९ |
| २० लाख देखि ५० लाख सम्म | ३८ | ११४४५९ |
| ५० लाख देखि १ करोड सम्म | १७ | १०१९६८ |
| १ करोड भन्दा माथी | ११ | १६१५०० |
| जम्मा | ३८७ | ५३९०१० |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>अवण्डा बजेट तथा क्षेत्रगत बजेट खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष योजना छनौट तथा स्वीकृत नगरी एकमुष्ट विभिन्न १९ वटा शीर्षकमा रु ७ करोड ४४ लाख बजेट अवण्डा राखी वर्षान्त सम्म विभिन्न ११० वटा योजनाहरुमा टुक्राएर खर्च गरेको देखिन्छ । यसरी नियम विपरीत बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।<br>साथै स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (रु. हजारमा)
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>८,३६,१५,०००.००</td><td>६,०२,२५,७११.००</td><td>७२.०३</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३१,०९,५८,५००.००</td><td>२५,६७,३३,४८३.७९</td><td>८२.५६</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>३८,८१,६६,५००.००</td><td>२५,०९,४७,१०९.००</td><td>६४.६५</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>४,९४,६४,०००.००</td><td>३,४६,५८,६१०.००</td><td>७०.०६</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१०,९४,३५,०००.००</td><td>९,५९,८६,८३०.१४</td><td>८७.७१</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>९४,१६,३९,०००.००</td><td>६९,८५,५१,७४३.९३</td><td>७४.१८</td></tr>
</table>
पालिकाले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्दै लक्ष्य प्रगति हासिल गर्नेतर्फ ध्यानदिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय,</td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । चौमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ । | |
| १५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी , प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलीत कानुन बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तिरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेता पनि गाउँपालिकाले तोकिए बमोजीम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु नगरेकोले पालिकाको ध्यानाकर्षण हुनु पर्ने देखियो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा हालसम्म पालिकाको अध्यावधिक प्रोफाईल तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा जिल्ला दररेटलाई अनुमोदन गरि कार्यान्वयनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, ७ नियमावली २८ कार्यविधि १ निर्देशिका र १ नर्म्स समेत ४५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका १५३ आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार तथा सार्वजनिकरण गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको आयोजना बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा यो वर्ष गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा आंशिक रुपमा मात्र कार्यान्वयन गरेको छ ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फोहोरमैला ब्यबस्थापन स्थल पहिचान गरेता पनि कार्ययोजना तयार गरेको पाईएन ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ८४(२) ङ अनुसार प्रमुख प्रशासकिय अधिकृतले आयोजनाहरुको फरफारककालागि प्रतिवेदन तयारगरि कार्यपालिकाको बैठकमा पेश गर्ने काम र कर्तव्य तोकिएकोमा यो काम र कर्तव्य पुरा भए गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा ४५(१,२) अनुसार नगरपालिकाले आफ्नो क्षेत्र भित्र स्थानीय सडकको दाँया वायाँको अधिकार क्षेत्र तोक्न सक्ने साथै राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँया वाँया अधिकारक्षेत्र (राईट अफ वे) को मापदण्ड पालना गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले २०७४ मा नगर स्तरिय यातायात गुरु योजना बनाई सोको कार्यान्वयन गरेको २०७८ मा अध्यावधिक गरेता पनि राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँया वाँया अधिकारक्षेत्र (राईट अफ वे) को मापदण्ड पालना सम्वन्धमा कुनै कारवाहि गरेको देखिएन । बढ्दो शहरीकरण तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा पालिकाको ध्यानाकर्षण हुन आवस्यक देखिन्छ । | |
| १६ | | | **बेरुजु लगत**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकालेम. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख लगायतका विवरण अद्यावधिक राखेको देखिएन। | |
| १७ | | | **भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन**<br>पालिकाले सबै कर्मचारीहरुको भ्रमणको अभिलेखका लागि व्यवस्थित गर्न मलेप म ले प फारम ९०७ र ९०८ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै म ले प फारम ९०७ बमोजिम भ्रमण प्रतिवेदन राख्ने गरेको देखिएन । | |
| १८ | | | **सूचना प्रविधि पद्धति**<br>पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियो -<br><br>• सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन । | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन । | |
| १९ | | | **सवारी साधन तथा मेसिनरी सञ्चालन अभिलेख**<br>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप म ले प फारम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म ले प फारम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको भएतापनि अद्यावधिक गरी राखेको पाइएन । | |
| २० | | | **चौमासिक खर्चको स्थिति**<br>कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित चौमासिक कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। आयोजनाले उपलब्ध गराएको पुँजिगत तर्फको चौमासिक खर्चको विवरण अनुसार कूल पूंजीगत खर्च मध्ये प्रथम चौमासिकमा १३.५५ प्रतिशत, दोस्रो चौमासिकमा २७.१० प्रतिशत र तेस्रो चौमासिकमा ५९.३४ प्रतिशत तथा आषाढमा मात्र ३१.०२ प्रतिशत खर्च भएको छ । कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा समानुपातिक रुपमा खर्च नभई आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यलाई नियन्त्रण गरी तोकिएको समयमै कार्यसम्पादन गर्नुपर्दछ । ( रु हजारमा) | |

| खर्च शीर्षक | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | | |
|---|---|---|---|---|---|---|
| | खर्च | खर्च | खर्च | बजेट | खर्च | खर्च(%) |
| पालिका पुंजीगत | २२,९०४ | ७६,६९१ | १८६,३३६ | ४३३,५९१ | २८५,९३२ | ६५.९४ |
| पालिका कृषि पुंजीगत | ७०० | ३३७ | ७९३ | १,८३० | १,८३० | ९९.९७ |
| पालिका शिक्षा पुंजीगत | ०.०० | ०.०० | १,५७१ | २,२५० | १,५७१ | ६९.८२ |
| संघ हस्तान्तरित पुंजीगत | ४,२०८ | १४,२५५ | ३६,५२८ | ७४,९३७ | ५४,९९१ | ७३.३८ |
| प्रदेश हस्तान्तरित पुंजीगत | ०.०० | १,८०९ | ८,३०४ | १६,८०० | १०,११२ | ६०.१९ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कूल जम्मा \| २७,८१२ \| ९३,०९२ \| २३३,५३१ \| ५२९,४०८ \| ३५४,४३६ \| ६६.९४ | |
| २१ | | | **खरिद कार्यको अभिलेख सार्वजनिकीकरण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम व्यवस्थित अभिलेख आंशिकरुपमा मात्र राखेको देखियो। नियमावलीको नियम १४९(७) अनुसार सार्वजनिक निकायले बोलपत्रको माध्यमबाट गरिने खरिद कार्यको सम्झौता कार्यान्वयन भई सकेपछि सो कार्य सम्पन्न भएको संक्षिप्त विवरण प्रमाणित गरी सम्बन्धित सार्वजनिक निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा सो पालना भएको देखिएन । | |
| २२ | | | **संगठन तथा व्यवस्थापन सर्वेक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम कर्मचारी समायोजन पश्चात संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरेको पाइएन । पालिकाले सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम ४७ जनाको दरबन्दी स्वीकृत गरेकोमा हाल ३९ जना पदपूर्ति भई इन्जिनियर १, प्रशासन तर्फ २ अधिकृत, २ सहायकस्तर पाचौं, कृषि पशु तर्फ ८ पद लगायत विभिन्न १३ पद रिक्त रहेको पाइयो । ईन्जिनियर, अधिकृत तथा प्रशासन सहायक लगायत प्रशासकिय कामकाज गर्ने दरबन्दी रिक्त भएकोले पालिकाको सेवा प्रवाहमा असर पर्न गएको पाइएकोले यथाशिघ्र पदपूर्ति गर्नेतर्फ पालिकाले ध्यानपुर्याउनु पर्दछ । पालिकामा विभिन्न ३७ जना कर्मचारी करार सेवा मार्फत पदपूर्ती भई कार्यरत रहेको अतिरिक्त डोर हाजिरमा विभिन्न पदका २२ कर्मचारी नियुक्त गरेको पाइयो । तसर्थ पालिकाले स्थानिय सेवा सञ्चालन सम्बन्धी ऐन पारित गरी, ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेरमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ । | |
| २३ | | | **करार कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन | २,८२८,८६० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ३७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १०२५५९७३/- खर्च लेखेको छ ।<br>त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक १ इन्जिनियर, १ कम्प्यूटर अपरेटर, १ सव ईन्जिनियर, १ अमिन, १ सहायक कम्प्यूटर अपरेटर, १ असिस्टेन्ट सव ईन्जिनियर, १ मनोविमर्शकर्ता, १ रेडियोग्राफर गरी जम्मा ८ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. २८२८८६०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु. | |
| २४ | | | **सेवा प्रवाह**<br>कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । नगरपालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ३७७२, नागरिक्ता सिफारिस २८८०, घरवाटो सिफारिस ७७३ र नाता प्रमाणित ८४१३ सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । नगरपालिकाबाट प्रवाह हुने सेवालई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५ | | | **वित्तिय जोखिम मूल्यांकन**<br>पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७७।७८ मा ६० प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७७।७८ मा ५८ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले यसमा सुधार गर्नुपर्दछ । | |
| २६ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । यस पालिकाले हालसम्म १५ ऐन, १३ नियमावली, १८ कार्यविधी र ४ निर्देशिका समेत ५० कानून एवं कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यक कानूनहरु समयमा नै निर्माण तथा कार्यान्वयन गरि सेवा प्रवाहमा अभिबृद्धि गर्नु पर्दछ । | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भूमिको वर्गिकरण,समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमवाट अधिकतम र दिगो लाभ हासिलगर्न भूउपयोग ऐन ,२०७६ मिति०७६।५।६ देखि लागु भएको छ । ऐनको दफा ५ले ऐन प्रारम्भ भएको एक बर्षभित्र मन्त्रालयले स्थानीय तहको भूउपयोग नक्सा तयार गरि हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेता पनि सम्वन्धित मन्त्रालयवाट सो अनुसारको नक्सा हस्तान्तरण भई प्राप्त भएको देखिएन ।त्यसैगरी दफा ६को उपदफा ५ मा स्थानीय तहले संघ र प्रदेशको भूउपयोग योजनाको प्रतिकूल नहुने गरी स्थानीय भू उपयोग योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा नक्साको अभावमा उक्त कार्य हुन सकेको छैन ।ऐन कार्यान्वयनको लागि २०७९ जेष्ठ २३ मा मात्र नियमावली बनेको र ऐन तथा नियमावलीमा भएका व्यवस्थाको कार्यान्वयन समयमै हनु नसक्दा दिगो विकास हुने गरि भूमिको सदुपयोग र संरक्षणमा हुन नसकेको अवस्था यस पालिकामा समेत रहेको छ । यसमा सम्वद्ध पक्षको समयमै ध्यानाकर्षण हुनु पर्दछ । | |
| २७ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको ९७ गरी कुल १०५ विवाद दर्ता भएकोमा न्यायिक समितिबाट ८८ वटा फस्यौंट ९ वटा तामेली र ८ फस्यौंट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २८ | | | **अनुदान फिर्ता**<br>विनियोजनऐन २०७८ दफा ४(१२)अनुसारसंघसरकारबाट वित्तीय हस्तान्तरण भएकासशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभईबचत भएमा सम्बन्धित स्थानीय तहलेत्यस्तो रकमसंघीयसञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्थाछ ।प्रदेश विनियोजनऐन २०७८ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएकासशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभईबचत भएमा सम्बन्धित स्थानीय तहलेत्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रको अनुसूचि २१ अनुसार फिर्ता हुनपर्ने कूल रकम रु. ४८९६३४१७.२१ देखिएकोमा पालिकाले आ.व. ०७८।७९ को फिर्ता गर्नुपर्ने रकमहरु संघीय स्रोततर्फ रु. ४२१५२२०१.२१ मिति २०७९।३।२७ मा कृषि विकास बैंक, कोलिनिका खातामा फिर्ता गरेको तथा प्रदेश स्रोततर्फको रु. ६६८८२१६ मिति २०७९।३।२९ मा प्रदेश लेखा नियन्त्रक, विराटनगरलाई फिर्ता खर्च लेखेको देखिन्छ । प्रदेश अनुदानतर्फ फिर्ता हुन बाँकी रु. १२३००० प्रदेश संचितकोषमा फिर्ता | १२३,००० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको प्रमाण पेश हुनपर्ने देखिएको रु. | |
| २९ | | | **समपूरक अनुदानमा लागत साझेदारी**<br>समपुरक अनुदान कार्यविधि, २०७५ को दफा ६(१) मा उल्लेखित व्यवस्था अनुसार छनौट भएको आयोजनाको प्राथमिकता, उपलब्धि, दिगोपना समेतका आधारमा प्रदेश वा स्थानीय तहको कुल लागतको अधिकतम ५० प्रतिशत सम्म समपुरक अनुदानको रुपमा प्रदान गर्ने उल्लेख छ। संघ समपूरक अनुदानबाट खर्च हुने गरी आधुनिक कृषि हाट बजार निर्माण वडा नं ४ योजना (ठेक्का नं.LM/MOR/NCB /AM/W/02/077.78) ठेक्का बन्दोबस्ता गरी रु. ३७०१५१५१३१ (भ्याट र PS सहित) मा सुनकोशी शुभकामना जे. भी. संग सम्झौता गरेकोमा हाल सम्म जम्मा भुक्तानी रु. २२६३८७४० भएको मध्ये पालिकाले आन्तरिक श्रोतबाट रु ६३८९४०५ र संघीय समपुरक अनुदानबाट रु १५७४४३३५ खर्च भएको देखिन्छ । हालसम्मको भुक्तानी अनुसार पालिकाले आन्तरिक श्रोतबाट ५०% अर्थात रु ११३१९३७० व्यहोर्नु पर्नेमा घटी लागत साझेदारी व्यहोरेको रु ४९२९९६५ को कार्यविधि अनुसार श्रोत मिलान गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ४,९२९,९६५ |
| ३० | | | **जिन्सी व्यवस्थापन**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्टेद १० मा सम्पत्तिको जिम्मा लगत र संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयको आ व ०७८।०७९ को जिन्सी व्यवस्थापन परीक्षणमा निम्न व्यहोरा देखिएको छ । | |
| ३०.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ (१) अनुसार कार्यालय प्रमुखले लगत खडागरि अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी सामानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा ३ सदस्यीय समिति गठन गरि सो समितिवा जिन्सी निरिक्षण गरि गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था भएता पनि पालिकाले ०७९।३।३१मा एक सदस्यीय समिति गठन गरि ०७९।५।१५ मा प्रतिवेदन प्राप्त गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था समिति गठमा ध्यान दिनु पर्ने देखियो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य नखुलेको जिन्सी तथा मालसमानको उप नियम ३को आधारमा मूल्य कायम गरि जिन्सी मालसामानको श्रेस्ता अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेता पनि निम्न मालसमानको श्रेस्ता अध्यावधिक गरेको नदेखिएकोले नियमको पालना हुनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.स</td><td>सामानको नाम</td><td>कायम रहेको मूल्य</td></tr>
<tr><td>१</td><td>पिकअप गाडी</td><td>१</td></tr>
<tr><td>२</td><td>दराज</td><td>३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>नगरपालिकाले अन्तर्गत वडा कार्यालय तथा विषयगत कार्यालयहरुमा रहेको सवै जिन्सीलाई एकिकृत हुनेगरि एकीकृत अभिलेख तयार नगेरेकोकोले जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको छ । सवै अन्तर्गत वडा र कार्यालयमा रहेको जिन्सीको एकिकृत अभिलेख अध्यावधिक गरि सार्वजनिक सम्पत्ति व्यवस्थापनलाई चुस्त तथा दुरुस्त बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा लिलाम बक्री गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिना भित्र कारवाहिको प्रक्रिया अगाडी बढाउनु पर्ने व्यवस्था गरेता पनि प्रतिवेदनमा निम्न सामानको लिलाम गर्न सिफारिस भएता पनि सोको कारवाहि लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले नियमको पालना हुनु पर्दछ ।
<table>
<tr><td>क्र.स</td><td>सामानको नाम</td><td>परलमूल्य</td></tr>
<tr><td>१</td><td>साईकल २ थान</td><td>१३७५०।</td></tr>
<tr><td>२</td><td>चेकराईटर १ थान</td><td>११०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>मलेनिकाले गरेको परिपत्र अनुसार आ व ०७७।७८ देखी सबै सार्वजनिक सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा समावेश गर्नु पर्ने परिपत्र गरेको छ ।पालिकाले पेश गरेको जिन्सी जिन्सी निरिक्षण प्रतिवेदन अनुसार निम्न जिन्सीहरु उक्त प्रणालीमा समावेश भएको नदेखिएकोले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीले देखाएको मौज्दात यथार्थ रहेको देखिएन । ।पालिकाले जिन्सी मौज्दात अभिलेख अध्याबधिक गर्नु पर्दछ ।
<table>
<tr><td>क्र.स</td><td>सामानको नाम</td><td>परिणाम</td></tr>
<tr><td>१</td><td>प्रोजेक्टर</td><td>१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>स्क्यानर मेशिन</td><td>१</td></tr>
<tr><td>३</td><td>स्टील दराज</td><td>२०</td></tr>
<tr><td>४</td><td>थ्री सिटर स्टील</td><td>१</td></tr>
<tr><td>५</td><td>बुक केश</td><td>२</td></tr>
<tr><td>६</td><td>प्लाष्टिक कुर्चि</td><td>१००</td></tr>
<tr><td>७</td><td>रोष्ट्रम</td><td>१</td></tr>
<tr><td>८</td><td>टेवुल</td><td>२०</td></tr>
<tr><td>९</td><td>रिभल्वीङ्ग चियर</td><td>११</td></tr>
<tr><td>१०</td><td>वेट मेशिन</td><td>१</td></tr>
<tr><td>११</td><td>अक्सीजन सिलिण्डर</td><td>१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>सहकारी निरीक्षण तथा अनुगमन<br>पालिकाको सहकारी ऐन अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा सम्बन्धी व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयको सहकारी सम्बन्धी उल्लेखित व्यवस्थाको परीक्षण गर्दा उक्त व्यवस्था कार्यान्वयन गरेको देखिएन । साथै प्रदेशबाट यस पालिका अन्तर्गत हस्तान्तरण भई आएका तथा एक आपसमा गाभिएका सहकारीहरुको अद्यावधिक अभिलेख, संघ र प्रदेशमा दर्ता भई कार्यरत रहेका र यस पालिकाको कार्यक्षेत्रमा काम गर्न अनुमती लिएका सहकारीहरुको अद्यावधिक अभिलेख समेत पालिकाले तयार गरेको देखिएन । प्रभावकारी निरीक्षण तथा अनुगमनको अभावमा सर्वसाधारणको सामान्य बचत सुरक्षित रहन नसक्ने अवस्था समेतलाई ध्यान दिई पालिकाले उल्लेखित व्यवस्थाको</td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्वयन गर्नुपर्दछ । | |
| ३२ | | | **अनुत्पादक खर्च**<br>स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु जस्तै विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालनमा रु. ४४६२५५९/-, विभिन्न भवन उद्याटन खर्च रु. १९५०००/-, धार्मिक तथा साँस्कृतिक सहयोग बापत मेला सम्मेलन खर्चमा आर्थिक सहयोग बापत रु. १५४७७५०/- विभिन्न जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरी रु. ७३६५१३/- खर्च गरेको छ । पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ । | |
| ३३ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष विविध खर्च शिर्षकमा पालिका तर्फ रु. २२७९१२१/- तथा वडा तर्फको विविध खर्च अन्तर्गत रु. १५३६८३५/- समेत कुल जम्मा रु. ३८१५९५६/- खर्च गरेको पाइयो । पालिकाले विविध खर्चलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ३४ | | | **औषधी उपचार सहायता खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी कुनै कार्यविधि समेत तयार नगरी गरिव नागरिक औषधी उपचार सहयोग शिर्षकमा रु. १९७५०००/- खर्च गरेको पाइयो । त्यस अतिरिक्त विभिन्न वडा समितिमार्फत रु. ६७५०००/- थप सोही कार्यक्रममा खर्च भएको छ । यसरी आर्थिक सहायता वितरणको नमुना छनौट गरी परीक्षण गर्दा उक्त रकम केही नगरप्रमुखको तोकआदेशले र केही रकम कार्यपालिका निर्णयको आधरमा वितरण गर्ने गरेको पाइयो । त्यस अतिरिक्त पालिकाले गरिब तथा विपन्न नागरिकको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य बिमा गरे बापत यस वर्ष पालिका तर्फ रु. १३५१०००/- र वडाहरु तर्फ रु. ५२७०००/- समेत रु. १८७८०००/- खर्च गरेको छ । पालिकाले | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उस्तै प्रकृतिका कार्यक्रम मार्फत यस वर्ष कुल रु. ४५२८०००/- खर्च भएको देखियो । पालिकाले स्वास्थ्य बिमा गरेका नागरिकलाई औषधि उपचार सहयोग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्नेका साथै यस्तो खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | | **अनुगमन मापदण्ड**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । नगरपालिकाले विद्यालयको अनुगमन सम्बन्धि मापदण्ड निर्धारण गरेको छैन र आफ्नो मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । कार्यालयले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी वनाउन तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ । | |
| ३६ | | | **संस्थागत विद्यालय**<br>स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । नगरपालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन । निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । नगरपालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ । | |
| ३७ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै पक्षको कर्तव्य हुने व्यवस्था छ । पालिकाले निम्नानुसार पेश्की दिएको रकम रु. १४५६९९३१/- आर्थिक | १,२१०,३११ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वर्षको अन्त्य सम्म पनि फस्यौंट नभई वांकी रहेको देखिएकोले नियमानुसार असुल फस्यौंट र नियमित हुनुपर्ने रु. | |

| पेश्की लिनेको नाम | पेश्की मिति | प्रयोजन | पेश्की रकम | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| ना सु हेमचन्द्र निरौला | २०७९।३।९ | सभा सञ्चालन खर्च | २२०००० | २२०००० |
| कम्प्युटर अपरेटर श्याम कुमार राई | २०७९।३।२५ | लोकसेवा आयोग तयारी कक्षा सञ्चालन | ४९५००० | ४९५००० |
| नेपाल विद्युत प्राधिकरण | २०७८।१२।२१ | विद्युत विस्तार कार्यक्रम | ४९५३११ | ४९५३११ |
| लोहनी एण्ड सन्स।आर. एस. जे. भी. | विभिन्न | खेरुवा खोला पक्की पुल निर्माण | ४८००००० | ० |
| सयपत्री मल्टीपर्पोज कम्पनी प्रा.लि. | विभिन्न | कोल्ड स्टोरेज भवन निर्माण | १६९४४७८ | ० |
| सि.एम.जोशी स्लेट जे.भी. | २०७८।१२।१० | राजारानी ताल सौन्दर्यकरण योजना | २४६२००० | ० |
| अग्नी एण्ड सन्स निर्माण सेवा | विभिन्न | गंगाचोक बाईपास सडक कालोपत्रे वडा नं. ४ | १८८३८३६ | ० |
| कमला शान्ती निर्माण सेवा प्रा. लि. | २०७९।२।१० | कमलपुर देखि उत्तर कालोपत्रे थप गर्ने | ३००००० | ० |
| मेरिडियन कन्स्ट्रक्सन प्रा.लि. | २०७९।३।२ | वडा कार्यालय भवन निर्माण वडा नं. २ | ७३८८८३ | ० |
| बारजी कन्स्ट्रक्सन | २०७९।३।२४ | टेकाहा गौंडा डाँडागाउँ सडक निर्माण | १४८०४२ | ० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (inner table below) | |
| ३८ | | | **राजस्व दाखिला समयमा नगरेको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७(१) तथा २८(१) अनुसार प्रचलित कानून वमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहिदिन र नभए सोको भोलिपल्ट तथा कार्यालय र बैंक विचको दुरी टाढा भएमा महालेखा नियन्त्रक कार्यालयलेतोकेको म्याद भित्र लेखा तयार गरी बैंक दाखिला गर्ने तथा जिन्सीको हकमा ७ दिन भित्र दाखिला गर्नु पर्दछ । यसो नगरेको देखिएमा दफा २८(२) अनुसार सम्वन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलागरेको भए सो जरिवाना र बिगो दाखिला गराई कसुरको मात्रा अनुसार विभागीय कारवाही गर्न गराउन सक्ने व्यवस्था भएता पनि यस व्यवस्थाको कार्यान्वयन भएको देखिएन।यसका केहि उदाहरणहरु निम्न छन् । यसमा सुधारकोलागि पालिकाको तुरुन्त ध्यान गई सुधारका प्रमाण पेश हुनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३ | |
| | | जम्मा | १४५६९९ ३१ | १२१०३११ |

| क्र.स | असुल गर्ने कार्यालय | दाखिला गर्ने कार्यालय | असुल मिति | बैंकदाखिला मिति | रकम |
|---|---|---|---|---|---|
| १ | नगर पालिका कार्यालय | नगर पालिका कार्यालय | २०७८.५.१ देखि ०७८।५।३१ | ०७८।६।१२ | १४६५०० |
| २ | वडा नं ९ कार्यालय | वडा नं ९ कार्यालय | २०७८।१२।१ देखि ०७९।३।१९ | ०७९।३।१९ | १८२४७२ |
| ३ | वडा नं ८ कार्यालय | वडा नं ८ कार्यालय | २०७८।१२।१देखि २०७९।१।३१ | ०७९।३।१४ | ४८६९० |
| ४ | वडा नं ७ कार्यालय | वडा नं ७ कार्यालय | २०७८।१२।१देखि | २०७९।२।१६ | २९००० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३९ | | | **भुमीकर अभिलेख तथा असुली**<br>लेटाङ् नगरपालिकाको आर्थिक ऐन,२०७८ को दफा ३ अनुसार नगरपालिका भित्रको भूमिमा अनुसूचि २ बमोजिमको भूमिकर/मालपोत लगाई असुल उपर गरिने व्यवस्था गरेको छ ।कार्यालयले यो वर्ष मालपोत शिर्षकमा रु १० लाख अनुमान गरेकोमा ९लाख ६० हजार असुल गरेको छ । पालिकामा रहेको अभिलेखवाट निम्नानुसारको मालपोत तथा सम्पत्तिकर असुल भएको नदेखिएकोले उक्त रकम असुलगरि दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु | ४२७,४६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०७९।१।३१ | | |
| ५ | वडा नं ९ कार्यालय | वडा नं ९ कार्यालय | २०७८।४।१देखि २०७८।१०।२९ | २०७८।१२।३ | ३६४३८७ |
| ६ | वडा नं ८ कार्यालय | वडा नं ८ कार्यालय | २०७८।१०।१देखि २०७८।११।३० | २०७८।११।२७ | ७००० |
| ७ | वडा नं ६ कार्यालय | वडा नं ६ कार्यालय | २०७८।९।१देखि २०७८।१०।३० | २०७८।१२।२ | १२०५०९ |

| क्र.स. | कार्यालय | सम्पति कर | मालपोत कर | वक्यौता रकम |
|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | २७०४३५.५ | ३०१८००.८ | १३३३६९.४ |
| २ | १ नम्बर वडा कार्यालय | ५७३२४.९ | ५८२८.४ | २५१११.७७ |
| ३ | २ नम्बर वडा कार्यालय | २९७५८८.५ | ३२२१७. | ९३७८०.९५ |
| ५ | ४ नम्बर वडा कार्यालय | ०. | ०. | ० |
| ६ | ५ नम्बर वडा कार्यालय | १६३९२०.४ | २९०४७८.१ | ९४१९०.०३ |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>६ नम्बर वडा कार्यालय</td><td>१७३७६९.६</td><td>७५२८८.३</td><td>६०३८८.२२</td></tr>
<tr><td>८</td><td>७ नम्बर वडा कार्यालय</td><td>३७४०.</td><td>२४५७७.३</td><td>४००</td></tr>
<tr><td>९</td><td>८ नम्बर वडा कार्यालय</td><td>३७३७६.७</td><td>१२५३६८.९</td><td>१६५६०.४४</td></tr>
<tr><td>१०</td><td>९ नम्बर वडा कार्यालय</td><td>१६९२६.४</td><td>२६८३८४.२</td><td>३६६०.७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०२१०८१.९९</td><td>११२३९४२.८८</td><td>४२७४६१.६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
घरनक्सा पास दस्तुर<br>
स्थानीय सरकार सन्चालन ऐन,२०७४ तथा लेटाङ् नगरपालिकाको आर्थिक ऐन,२०७८ को अनूसुचि ११ को देहायमा गरेको व्यवस्था अनुसार नगरपालिका भित्रको टहरा, घर, ग्यारेज कम्पाउण्ड, वाल आदि निर्माण कार्यको नक्सा पास गर्दा तोकिएको दरमा दस्तुर घर नक्सापास दस्तुर असुल उपर गरिने व्यवस्था गरेको छ ।कार्यालयले यो वर्ष यस शिर्षकमा रु २ लाख ५० हजार अनुमान गरेकोमा ६लाख ९३ हजार असुल गरेको छ ।पालिकामा रहेको २०७४ देखि २०७९ आषाढ मसान्तसम्मको नक्सापास अभिलेख निम्नानुसार देखियो भने सो पूर्वका अभिलेख पालिकामा व्यवस्थित देखिएन ।
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>कार्वाहीको लागि अभिलेख रहेको संख्या</td><td>१७१</td></tr>
<tr><td>२</td><td>घर निर्माण सम्पन्न भएको</td><td>३६</td></tr>
<tr><td>३</td><td>पहिलो चरणको ईजाजत लिएको</td><td>१२९</td></tr>
<tr><td>४</td><td>दोस्रो चरणको ईजाजत लिएको</td><td>६८</td></tr>
<tr><td>५</td><td>पहिलो चरण लिइ दोस्रो चरण नलिएको</td><td>६१</td></tr>
<tr><td>६</td><td>म्याद थपको लागि निवेन दिएको</td><td>अभिलेख अध्यावधिक</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>नगरेको</td></tr>
<tr><td>७</td><td>म्याद थपको कारवाही भएको</td><td>अभिलेख अध्यावधिक नगरेको</td></tr>
</table>
सुरु नक्सा पेश हुँदा राखेको ५० प्रतिशत धरौटी निर्माण सम्पन्न गरी प्रमाण लिएको ६ महिनाभित्रमा फिर्ता नलिएमा उक्त रकम फिर्ता गर्न नमिल्ने व्यवस्था रहेकोमा पालिकाले नक्सा पासको विवरण अध्यावधिक नगरेको कारण यस्तो रकम एकिन गर्न सिकएन ।त्यसैगरि उल्लेखित विवरणवाट नक्सा निर्माण तथा जाँचपास र घरजग्गा करको सेवा प्रभावकारी नरहेको देखियो।अत पालिकाको आन्तरिक आयको महत्वपूर्ण श्रोत रहेको नक्सापास व्यवस्थालाई अध्यावधिक गर्न तत्काल ध्यान दिनु पर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त राजश्व बाँडफाँड<br>प्रदेश आर्थिक ऐन २०७८ को दफा ६(४) अनुसार प्रदेश भित्रको प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको साथै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा १४ अनुसार निर्माणमुखि खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवं अनुमति, नविकरण शुल्क वा करवाट संकलित राजश्वमध्ये ६० प्रतिशत सम्वन्धित पालिका र ४० रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । यो वर्ष प्राकृतिक श्रोत अन्तर्गतको निर्माणमुखि खानीजन्य र नदीजन्य पदार्थको बिक्री बाट यस नगरपालिकाले मुअक र छुट बाहेक रु ९,७५,६६,३७३। असुल गरेकोमा सोको ४० प्रतिशतले हुने रकम रु ३,९०,२५,५४९।प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा यो वर्ष रु १,५०,००,००। मात्र दाखिला गरेको देखिएकोले दाखिला हुन बाँकी फरक रकम रु २,४०,२६,५४९। दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्ने रु</td><td>२४,०२६,५४९</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सामुदायिक वनको आय<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा रहेको अभिलेख अनुसार ३२ वटा सामुदायिक वन रहेकोमा ६ वटा सामुदायिक वनले यो वर्ष ३६,९३,२०४।४० दाखिला गरेको देखियो भने २६ वटा सामुदायिक वनले कुनै रकम दाखिला गरेको देखिएन । कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रमा</td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत रुपमा कुनै नीति तथा कार्ययोजना नबनाएको अवस्था देखिएकोले यो क्षेत्रको वास्तविक आय प्राप्त भएकोमा यकिन हुन सकिएन । यसमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ । | |
| ४३ | | | **ढुंगा, गिट्टी, बालुवा आय ठेक्का**<br>पालिकाले यो वर्ष आय ठेक्का तर्फ सडक उपयोग सेवा शुल्क ठेक्का एक निकासी कर ठेक्का एक र नदीजन्य पदार्थ संकलन र बिक्री ठेक्का १ गरी जम्मा ३ ठेक्का बन्दोबस्तीको कारवाहि अगाडि बढाएकोमा नदीजन्य पदार्थ संकलनको ठेक्का बन्दोबस्त भएता पनि अन्यको हकमा ३ पटक सूचना प्रकासित गरेता पनि ठेक्का बन्दोबस्त हुन नसकेकोमा तत्पश्चात वोलकवोल वाट वन्दोवस्त गरि राजश्व असुल गरेको छ । प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ अनुसार अनुसुची ४ मा प्राकृतिक स्रोत संकलन तथा बिक्री मुल्यको दर तोकेको छ। जस अनुसार ढुङ्गा गिटी रोडा ग्राभेल चट्टान स्लेटकोरू ६ तथा बालुवा र चिप्समा रू ४.७५ तथा माटोको रु ३ कटिङ ढुङ्गा रू ६ प्रति क्युविक फिट विक्री मुल्य कायम गरेको छ। यो बर्ष पालिकाले चिसाङ्ग खोलामा कमलपुर कृतिमान,फडानी कमलपुर, लेटाङ्ग, चिसाङ्गपुल पाटीखेत नाकाहरु तथा मोरङ्गगेको मोरङ्गगे तेली खोलाको स्माली र पापीगौडा नाकावाट ४२४३४२ घन मिटर नदिजन्य पदार्थको लागि मु .अ. कर बाहेकको रू १०८४०७०८१ मा निर्माण व्यवसायी बिजिता श्री कन्स्ट्रकसन प्रालिसंग ठेक्का सन्चालन गर्न विभिन्न शर्त सहित सम्झौता गरि आय ठेक्का सन्चालन गरेको सम्बन्धमा परीक्षणको क्रममा निम्न व्यहोरा देखिएका छन्ः-<br>१. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।<br><br>२. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही पालिकाले गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट अनुगमन भएको लिखत अभिलेख देखिएन ।जसका कारण उक्त ठेक्कावाट तोकिएको परिणाममा उत्खनन तथा राजस्व असुली र वातावरणिय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भएकोमा नियमानुसार भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्वेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो । | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्नेमा राखेको देखिएन । | |
| ४४ | | | **आय ठेक्कामा मूल्य अभिबृद्धि कर असुल नगरेको**<br>पूर्वाधार सम्भार तथा निकासी शुल्क नगरपालिका भरि र वडा नं ४ हाट बजार कर संकलनकोलागि पटक पटक वोलपत्रको सूचना प्रकाशित गर्दा वोलपत्रमार्फत ठेक्का लाग्न नसकेको कारण जनाई कार्यालयले २०७८।८।१८ मा मुअक सहितको न्यूनतम कवोल अंक मुअक सहितको रु ४८ लाख कायम गरि सरकारी रकमको ठेक्का बन्दोवस्त ऐन २०२० अनुसार ठेक्का बढावढ गराउँदा कवोल हुन आएको रु ४८ लाख २ हजारको कवोल अंक स्वीकार गरि ठेक्का संझौता गरेको छ ।यसरी ठेक्का वन्दोवस्त भएकोमा ठेक्कावापत असुल भएको १३ प्रतिशत मूल्य अभिबृद्धि कर रु ५,५२,४४२।केन्द्रीय राजश्व भएको र सोही अनुसार केन्द्रीय राजश्वमा दाखिला हुनु पर्नेमा पालिकाले आफ्नो आन्तरीक आयमा समावेश गरेको देखिदा उक्त रकम केन्द्रीय सन्चित कोषमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु. | ५५२,४४२ |
| ४५ | | | **व्यवसाय नविकरण शुल्क**<br>लेटाङ् नगरपालिकाको आर्थिक ऐन,२०७८ अनुसार नगरपालिका भित्रका विभिन्न व्यवसायको दर्ता तथा नविकरणको लागि लाग्ने शुल्कको व्यवस्था गरेको छ । नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरणतर्फको अभिलेख परीक्षण गर्दा विगत आर्थिक बर्षमा दर्ता भएका तथा यो वर्ष सम्म नविकरण नगराएका र खारेज पनि नभएका निम्न समुह तथा संख्याका व्यवसायीले उक्त व्यवसाय नविकरण गराएको तथा पालिकालाइ बुझाउन पर्ने शुल्क बुझाएको नदेखिएकोले निम्न ९०८ व्यवसायीबाट बक्यौता राजस्व असुल गरि दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु. | १,०३१,७५० |

| सि न | मूल्यांकन समुह | व्यवसायको संख्या | रकम ( रु ) |
|---|---|---|---|
| १ | संचार सेवा | ६ | ७२५० |
| २ | स्वास्थ्य सेवा | १५ | १६५०० |
| ३ | मर्मत सम्भार सेवा | १६ | १६००० |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>वित्तिय सेवा</td><td>८</td><td>२६५००</td></tr>
<tr><td>५</td><td>निर्माण व्यवसाय</td><td>२१</td><td>४४०००</td></tr>
<tr><td>६</td><td>शिक्षा</td><td>७</td><td>१४७५०</td></tr>
<tr><td>७</td><td>व्यापारिक वस्त्</td><td>४९५</td><td>४९१०००</td></tr>
<tr><td>८</td><td>उद्योग धन्दा कर</td><td>३४०</td><td>४१५७५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९०८</td><td>१०३१७५०</td></tr>
</table>
साथै ३३९ वटा व्यवसायको समुह समेत एकिन नगरि कर असुल नगरेकोले निजहरुको समुह एकीन गरि लाग्ने कर रकम तथा जरिवाना हिसाब गरेर अभिलेख अध्यावधिक सहितको प्रमाण पेश समेत हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>पूर्वाधार सम्भार तथा निकासी शुल्क नगरपालिका भरि र वडा नं ४ हाट बजार कर<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ५१०५७५।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>राजश्व अनुमान तथा असुली<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी कर लगायतका कर राजश्व तथा विभिन्न सेवा वापतको गैर कर राजश्व उठाउने व्यवस्था रहेको छ । बाँडफाँड भई प्राप्त हुने आय बाहेक लेटाङ् नगरपालिकाको आर्थिक वर्ष ०७८।७९ को वार्षिक आय अनुमान तथा असुलीको अवस्था निम्नानुसार रहेको छ ।
<table>
<tr><td>राजस्व संकेत</td><td>आम्दानी शीर्षक</td><td>अनुमान</td><td>२०७९ आषाढ महिना सम्मको</td><td>अशुली प्रतिशत</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | आम्दानी | |
|---|---|---|---|---|
| ११११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २०,००,०००.०० | ९,१६,९३५.६८ | ४५.८४ |
| ११३१४ | भुमिकर/मालपोत | १०,००,०००.०० | ९,५९,५७६.९५ | ९५.९६ |
| ११३२१ | घरवहाल कर | १,००,०००.०० | १३,२२,१८९.३९ | १३२२.१९ |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६०,००,०००.०० | ४०,८१,८२५.०० | ६८.०३ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ६,००,०००.०० | १७,६२५.०० | २.९४ |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३०,००,०००.०० | १५,७१,२६०.०० | ५२.३८ |
| ११६९१ | अन्य कर | २,०३,००,०००.०० | ९६,८६,९५७.४० | ४७.७२ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | १,००,००,०००.०० | ० | ० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५०,०००.०० | ० | ० |
| १४२२४ | परीक्षा शुल्क | १,००,०००.०० | ० | ० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ५०,०००.०० | ० | ० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,५०,०००.०० | १४,०५,६३४.९९ | ३१२.३६ |
| १४२४२ | नक्सापास दस्तुर | २,५०,०००.०० | ६,९२,७४९.०७ | २७७.०९ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४२४३ | सिफारिश दस्तुर | १२,००,०००.०० | १६,२८,११४.६८ | १३५.६८ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,००,०००.०० | ४,२७,४३३.८३ | ४२७.४३ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १,००,०००.०० | १,२६,९९९.९१ | १२६.९९ |
| १४२४९ | अन्य दस्तुर | ४,००,०००.०० | ११,४२,२६१.९० | २८५.५६ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,००,०००.०० | ८,४८,७२२.६६ | ८४८.७२ |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १०,०००.०० | ४००. | ४. |
| १४२६५ | अन्य क्षेत्रको आय | ३०,००,०००.०० | १६,७३,४६५.०० | ५५.७८ |
| १४३१३ | धरौटी सदरस्याहा | ९०,०००.०० | ० | ० |
| १४५२९ | अन्य राजस्व | ६,८१,०२,५२०.०० | १,२०,७०,८७६.४६ | १७.७२ |
| १५१११ | बेरूजू | १,००,०००.०० | २७,२१,२००.०० | २७२१.२ |

उल्लेखित विवरणवाट लेटाङ् नगरपालिकाको आर्थिक ऐन,२०७८ ले गरेको व्यवस्था अनुसार पालिकाले यो बर्ष अन्य बिक्रीबाट प्राप्त रकम, शिक्षा क्षेत्रको आम्दानी, परीक्षा शुल्क, यातायात क्षेत्रको आम्दानी, धरौटी सदरस्याहा, जस्ता आम्दानी शिर्षकमा शून्य प्रगति भएको देखाएको छ । त्यसैगरि सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर, पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर, व्यवसायले भुक्तानी गर्ने, कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर, विद्युत सम्बन्धी दस्तुर र अन्य क्षेत्रको आय ललगायतका क्षेत्रमा केहि प्रतिशत असुली भएता पनि लक्ष्य अनुसारको प्रगति भएको देखिएन। घरवहाल कर, व्यावसाय रजिष्ट्रेशन दस्तुर लगायतका शिर्षकमा लक्ष्यको तुलनामा असुली बढी नै देखिएता पनि समग्रमा लक्ष्य प्राप्त गर्न सकेको देखिएन ।यसको समिक्षा गरि देखिएका कमी कमजोरी सहित आगामी दिनमा सुधार हुनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>कर्मचारी नियुक्ती<br>स्थानीय तहले कर्मचारी भर्ना गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोग मार्फत गर्नुपर्ने व्यवस्था छ । यसरी आयोग मार्फत पदपुर्ति नहुँदा सम्म स्थानीय तहले स्विकृत दरबन्दी भित्र प्रतिस्पर्धा गराई नगर कार्यपालिका कार्यालय मार्फत करारमा कर्मचारी भर्ना गरी कार्यसञ्चालन गर्नुपर्दछ । यस पालिका र अन्तरगतका वडाहरुले इन्जिनियर, सहायक कम्प्युटर लगायतका पदमा विभिन्न २३ जना कर्मचारीहरुलाई प्रतिस्पर्धा बेगर सोझै डोर हाजिरीमा नियुक्त गरी निजहरुलाई चाडपर्व खर्च समेत दिने भनी कार्यपालिकाबाट निर्णय गराई यस वर्ष रु. ५४४५५४२/- खर्च गरेको छ । त्यस अतिरिक्त पालिकाले सञ्चार सहयोगी, प्रेस संयोजक, कानूनी सल्लाहकार समेत डोर हाजिरमा नियुक्त गरी रु. ९६७४२०/- खर्च गरेको छ । यसरी ऐन नियममा पालिका तथा अन्तर्गतका वडालाई स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी भर्ना गर्ने अधिकार भएको नदेखिएको अवस्थामा कर्मचारी भर्ना गरी तलब भत्ता तथा चाडपर्व खर्च लेखेको रु. ६४१२९६२/- नियमसम्मत नदेखिएको रु.</td><td>६,४१२,९६२</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ८३६५००।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अग्रीम कर<br>आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा सेवा शुल्क भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय विवरण अनुसार अवैध सवारी नियन्त्रण बापत संकलित रकमबाट प्रोत्साहन बापत भुक्तानी दिँदा उपरोक्त व्यवस्था अनुसार करकट्टी गरेको पाइएन । ऐनमा व्यवस्था भए बमोजिम कर कट्टी गरी असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>विवरण</th><th>प्रोत्साहन रकम</th><th>कर कट्टी गर्नुपर्ने रकम</th></tr>
<tr><td>८१</td><td>राकेश कुमार यादव</td><td>अवैद्य सवारी नियन्त्रण प्रोत्साहन</td><td>२००००</td><td>३०००</td></tr>
<tr><td>१९८</td><td>चुडामणी भट्टराई</td><td>अवैद्य सवारी नियन्त्रण प्रोत्साहन</td><td>१२०००</td><td>१८००</td></tr>
</table></td><td>३९,१५०</td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २२६ | महेन्द्र प्रसाद यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ७५००० | ११२५० |
| २४४ | तारा बहादुर बस्नेत | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ३००० | ४५० |
| २७८ | चुडामणी भट्टराई | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ६००० | ९०० |
| २९८ | राकेश कुमार यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ६००० | ९०० |
| ३३१ | चुडामणी भट्टराई | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ९००० | १३५० |
| ३८८ | महेन्द्र प्रसाद यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | २८००० | ४२०० |
| ४०३ | महेन्द्र प्रसाद यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ३००० | ४५० |
| ४५७ | महेन्द्र प्रसाद यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | १८००० | २७०० |
| ४६० | चुडामणी भट्टराई | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ६००० | ९०० |
| ५०१ | चुडामणी भट्टराई | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ३००० | ४५० |
| ५५५ | मनोज परियार दर्जी | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | १२००० | १८०० |
| ६३० | मनोज परियार दर्जी | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ६००० | ९०० |
| ८६७ | महेन्द्र प्रसाद यादव | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ५१००० | ७६५० |
| १२२२ | छत्र बहादुर मुदेल | अवैद्य सवारी नियन्त्रण प्रोत्साहन | ३००० | ४५० |
| | | जम्मा | २६१००० | ३९१५० |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **मसलन्द तथा कार्यालय सामग्री खरिद**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा यस वर्ष रु. ५५७२९५२/- र वडा तर्फ रु. ८७१३९१/- समेत कुल रु. ६४४४३४३/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| ५२ | | | **भ्रमण आदेश स्विकृती**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा व्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन । साथै पालिकाले भ्रमण अभिलेख खाता अद्यावधिक गरी राखेको पाइएन । पालिकाका प्रमुखले आफ्नो भ्रमण आदेश स्वयम स्वीकृत गर्ने गरेकोमा कार्यपालिकाबाट अनुमोदन भएको पाइएन । यसका केही उदाहरण निम्नानुसार छन् । पालिकाले ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ । | |

| भौ नं. र मिति | पदाधिकारी/ कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण खर्च | कैफियत |
|---|---|---|---|---|
| ६-०७८।५।२० | प्रमुख शंकर राई | ०७८।४।५-०७८।४।११ | ३१९५० | भ्रमण आदेश स्वयंम |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>०७८।४।२१-०७८।४।२५</td><td rowspan="2"></td><td rowspan="2">स्वीकृत</td></tr>
<tr><td></td><td></td><td>०७८।५।१३-०७८।५।१६</td></tr>
<tr><td rowspan="5">५६६-<br>०७८।११।८</td><td rowspan="5">प्रमुख शंकर राई</td><td>०७८।६।२३-०७८।६।२९</td><td rowspan="5">५४४५०</td><td rowspan="5">भ्रमण आदेश स्वयंम स्वीकृत</td></tr>
<tr><td>०७८।८।१-०७८।८।७</td></tr>
<tr><td>०७८।८।२३-०७८।८।२९</td></tr>
<tr><td>०७८।९।१२-०७८।९।१७</td></tr>
<tr><td>०७८।१०।२०-<br>०७८।१०।२६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>इन्धन कोटा निर्धारण<br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा नं. ३ (२) मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्ति सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन जस्ता खर्चमा मितव्ययीता कायम हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष पदाधिकारी इन्धन तर्फ रु.१५०००००/-, कार्यालय प्रयोजनार्थ रु. २०९८२६२/- र वडा कार्यालय चालु अनुदानतर्फ समेत इन्धनका विल भर्पाई पेश गरी रु. ७५२५८२/- समेत कुल रु. ४३५०८४४/- इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्र्यौट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।</td><td></td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **कानुन व्यवसायी शुल्क भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले अधिवक्ता कुमुद कुमार भट्टराईलाई कानुन व्यवसायी शुल्क रु. ५००००/- भुक्तानी गरेकोमा उक्त व्यवसाय सँग गरेको सम्झौता तथा कार्यदेश लगायतका कागजात पेश हुन नआएकोले खर्चलाई पुष्टयाई गर्ने आधार प्रमाण पेश हुनुपर्ने रु. | ५०,००० |
| ५५ | | | **क्वारेन्टिन खाना खाजा खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष कोभिड- १९ का विरामिहरुका लागि क्वारेन्टिन संचालन गरी क्वारेन्टिनहरुमा रहेन व्यक्तिहरुको खाना खाजामा रु. ४६०८१५/- भुक्तानी गरेको छ । कार्यालयले क्वारेन्टिनमा प्रवेश गरेका तथा क्वारेन्टिनबाट बाहिरिएको व्यक्तिहरुको विवरण अभिलेख तयार नगरेकोले क्वारेन्टिनमा कति मानिस कति अवधि सम्म बसेको एकिन गर्न सकिदैन । उक्त क्वारेन्टिनहरुमा बसेका मानिसहरुको क्वारेन्टिन प्रवेश र बहिरगमनको स्पष्ट अभिलेख प्रमाण पेश हुनुपर्ने रु. | ४६०,८१५ |
| ५६ | | | **गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट | |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् । | |

| भौ नं. र मिति | सेवा प्रदायक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२६९-०७९।३।२४ | महिला पुनर्स्थापन केन्द्र | लैङ्गिक हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम | ४१९००० |
| १२६७-०७९।३।२४ | पहाडि ग्रामिण विकास संस्था | बालविवाह न्यूनिकरण कार्यक्रम | ३००००० |
| ११७५-०७९।३।१९ | नेपाल आदिवासी जनजाती महासंघ | उद्योषण तालिम | १९१७५० |
| ११७४-०७९।३।१९ | नेपाल आदिवासी जनजाती महासंघ | पत्रकारिता सम्बन्धी तालिम | १८३७५० |
| ११७०-०७९।३।१९ | नेपाल आदिवासी जनजाती महासंघ | लेखा तालिम, सचेतना मुलक कार्यक्रम | ४२४२०० |
| १०९४-०७९।३।१३ | चेतनशिल महिला समुह | उद्योषण तालिम | १५०००० |
| १०१८-०७९।३।१ | नेपाल आदिवासी जनजाती महासंघ | सिलाई कटाई तालिम | १७५००० |
| ६७०-०७८।१२।३ | महिला जागरण समुह | माइन्यूट तथा प्रस्तावना लेखन तालिम | १७१००० |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६६९-०७८।१२।३</td><td>वातावरण संरक्षण तथा सामाजिक रुपान्तरण नेपाल</td><td>बाल विकास कार्यक्रम</td><td>११८५३०</td></tr>
<tr><td>३६८-०७८।९।११</td><td>सृजनशिल दलित समुह</td><td>कम्प्यूटर तालिम</td><td>२०००००</td></tr>
<tr><td>१९४-०७८।६।२२</td><td>ग्रामिण महिला विकास केन्द्र</td><td>सिलाई कटाई तालिम</td><td>१४८८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>मर्मत खर्च<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनेरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु. ३१२४३५१/- र मेशिनरी औजार मर्मतमा रु. ७१९१३१/- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत तथा संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>भुक्तानी प्रकृया<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा रु. २५ हजार भन्दा माथीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुन छनौट गरी परीक्षण गर्दा पालिका अन्तर्गतका विभिन्न कृषि तथा पशु शाखाबाट सञ्चालन हुने अधिकांश कार्यक्रमहरु तथा वडा द्वारा सञ्चालित कार्यक्रमहरुमा खरिद सामग्रीहरुको रकम भुक्तानी गर्दा नियमावलीको व्यवस्था बमोजिम रु. २५ हजार भन्दा बढीको खरिद गर्दा सोझै आपूर्तकलाई भुक्तानी दिएको पाइएन। पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।
<table>
<tr><th>भौ नं. र मिति</th><th>खर्चको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१५५-०७८।६।२०</td><td>वडा २ मा सि सि टि भि खरिद तथा जडानको भुक्तानी वडा सचिवलाई</td><td>८६१२८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७३-०७८।९।१२</td><td>वडा ८ मा प्लाष्टिक टनल खरिदको भुक्तानी वडा सचिवलाई</td><td>२४६८००</td></tr>
<tr><td>१०२६-०७९।३।१</td><td>घाँस विउ खरिदको भुक्तानी प्रेम कुमार विश्वकर्मालाई</td><td>१०००००</td></tr>
<tr><td>१११०-०७९।३।१५</td><td>विभिन्न खेल सामग्री खरिदको भुक्तानी अर्जुन पौडेललाई</td><td>९९५४५</td></tr>
<tr><td>११३२-०७९।३।१७</td><td>विद्यार्थीलाई पोशाक खरिदको भुक्तानी डेग प्रसाद दाहाललाई</td><td>९९५४५</td></tr>
<tr><td>७३-०७८।९।२५</td><td>अलैंचिको विरुवा खरिदको भुक्तानी करण श्रेष्ठलाई</td><td>१४९९३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
अनुपस्थित बैठक भत्ता<br>
गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) को दफा ३ मा पदाधिकारीलाई बैठक बसेको दिनको रु. १०००/- का दरले बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले वडा समितिको बैठक भत्ता भुक्तानी गर्दा पेश भएको हाजिरी माइन्युट परीक्षण गर्दा देहायका पदाधिकारीहरु बैठकमा उपस्थित नभएको दिनको समेत बैठक भत्ता भुक्तानी भएको देखियो । बैठकमा अनुपस्थित दिनको भत्ता भुक्तानी दिन नमिल्ने हुँदा उक्त रकम सम्बन्धित पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>पदाधिकारीको नाम</th><th>अनुपस्थित बैठक संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२८८-०७८।८।८</td><td>श्याम कुमारी मगर</td><td>६</td><td>६०००</td></tr>
<tr><td>१२४-०७८।६।१८</td><td>कमान सिं राई</td><td>३</td><td>३०००</td></tr>
<tr><td>१८५-०७८।६।१८</td><td>बुद्धिराज फाँगो</td><td>१</td><td>१०००</td></tr>
<tr><td>४०७-०७८।९।२५</td><td>कमान सिं राई</td><td>१</td><td>१०००</td></tr>
<tr><td>६२३-०७८।११।३०</td><td>आदीमान लिम्बु</td><td>३</td><td>३०००</td></tr>
<tr><td>६२३-०७८।११।३१</td><td>कमान सिं राई</td><td>१</td><td>१०००</td></tr>
</table>
</td><td>४२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८९८-०७९।१।८</td><td>बुद्धिराज फाँगो</td><td>७</td><td>७०००</td></tr>
<tr><td>८९८-०७९।१।९</td><td>भिष्म श्रेष्ठ</td><td>३</td><td>३०००</td></tr>
<tr><td>९८२-०७९।२।१२</td><td>कमलराज राई</td><td>१०</td><td>१००००</td></tr>
<tr><td>१०६४-०७९।३।११</td><td>सुकमाया वि.क.</td><td>१</td><td>१०००</td></tr>
<tr><td>१२२६-०७९।३।२२</td><td>हरीमाया विश्वकर्मा</td><td>३</td><td>३०००</td></tr>
<tr><td>१२५८-०७९।३।२४</td><td>कृष्ण कुमारी वि.क.</td><td>३</td><td>३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४२०००</td></tr>
</table>
<br>
........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु. ३०००।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सुविधा भुक्तानीको आधार<br>गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहित) को दफा ३ अनुसूची १ (क) मा पदाधिकारीहरुलाई उपलब्ध गरिने सुविधा सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले वडा नं. १ का वडा सदस्य आसमाया मगरलाई सोही ऐनमा व्यवस्था भएबमोजिम सेवा सुविधा उपलब्ध गराएकोमा लेखापरीक्षणका क्रममा पेश भएको वडा समितिको बैठक माइन्युट परीक्षण गर्दा निज आर्थिक वर्ष २०७८।७९ मा कुनै पनी वडा समितिको बैठक तथा नगर सभाको बैठकमा समावेश भएको देखिन आएन । वडा अध्यक्षबाट प्राप्त पत्रमा निज २०७८ सालको श्रावण महिनाबाट आफ्नो जिम्मेवारी पदको कर्तव्य निर्वाह नगरी कुनै लिखित जानकारी बिना कार्य क्षेत्र छोडि सम्पर्क विहिन भएको व्यहोरा जानकारी प्राप्त भयो । तसर्थ कार्य क्षेत्रमा रही सेवा प्रवाह नगरेको अवस्थामा पदाधिकारीलाई सेवा सुविधा दिन मिल्ने आधार नभएकोले निजलाई भुक्तानी भएको रकम रु. १११३४/- सम्बन्धमा भुक्तानी दिन मिल्ने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१११,१३४</td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **लेटाङ बहुमुखी क्याम्पस सञ्चालन अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले स्वीकृत बजेटबाट स्वयंम सञ्चालित संस्थाहरुलाई सञ्चालन खर्च अनुदान स्वरुप रकम उपलब्ध गराउन मिल्ने आधार देखिँदैन । लेटाङ बहुमुखी क्याम्पसको लागि आवश्यक सहयोगलाई निरन्तरता दिने भनी नगर सभा कार्यक्रममा उल्लेख भए अनुसार पालिकाले यस वर्ष उक्त क्याम्पसलाई नगर बाहेक वडागत बजेट विनियोजन गरी प्रशासनिक खर्च सहयोगका लागि रु. १७३५०००/- अनुदान निकासा गरेको पाइयो । पालिकाले शैक्षिक क्षेत्र तर्फ अनुदान वितरण गर्न कार्यविधि निर्माण गरेको पाइएन साथै उक्त क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण समेत पेश गरेको देखिएन । पालिकाले आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका निकायको समेत खर्च भुक्तानी गरेको नियमसंगत नदेखिएको रु. | १,७३५,००० |
| ६२ | | | **अन्य निकायको खर्च**<br>पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नगर सभा द्वारा शान्ति सुरक्षा व्यवस्थापन खर्च भन्ने शिर्षकमा बजेट विनियोजन गरी पालिकाले इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल लगायतका सरकारी कार्यालयहरुलाई निवेदनको आधारमा पटक पटक सवारी साधन मर्मत, इन्धन बिल लगायतका खर्चको बिल भरपाई पेश गरी रु. ११0000/- भुक्तानी दिएको छ । यसरी अन्य कार्यालयको लागि गरिएको खर्चले पालिकाको कार्यक्रम र सो को कार्यान्वयन पक्षसमेत मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरो पन भए नभएको एकिन गर्न सकिएन । अन्य सरकारी कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर बजेटमै व्यवस्था गरी पालिकाबाट खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ६३ | | | **छात्रवृत्ति वितरण**<br>पालिका अन्तर्गत उच्च माध्यमिक कक्षा सञ्चालन हुने विद्यालयहरुका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई कार्यपालिका निर्णय गरी पालिकाले यस वर्ष कुल रु. ७२८०००/- छात्रवृत्ति बापत खर्च गरेको छ । पालिकाले छात्रवृत्ती वितरण सम्बन्धी कुनै प्रकारको | |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मापदण्ड तयार नगरी कार्यपालिकाको निर्णयको आधारमा उपलब्ध गराएको देखियो । उपलब्ध गराएको छात्रवृत्ति रकमबाट विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मुल्याङ्कन सम्बन्धी पालिकाले कुनै मापदण्ड बनाएको पाइएन । प्रत्येक वर्ष यस प्रकृतिका वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा पालिकाले उक्त खर्चको उपलब्धीता तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको रकमले विद्यार्थीहरुको शैक्षिक सुधारको अवस्थाको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>दोहोरो खर्च देखिएको<br>सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले Roadway excavation including disposal by machine को लागि भुक्तानी गरेकोमा पुन सोही चेनेजमा मेसिनबाट माटो उप्काउने र सतह मिलाउने कामको लागि भनी भुक्तानी गरेको छ । Roadway excavation including disposal by machine को दररेट निर्धारण गर्दा तोकिएको लेबल भन्दा बढीको माटो disposal सहित दर निर्धारण हुने हुदाँ सोही चेनेजमा मेसिनबाट माटो उप्काउने र सतह मिलाउने काम भनी लागत अनुमान तयार गर्दा दोहोरो खर्च हुने देखिएकोले दोहोरो भुक्तानी रकम असुल हुनुपर्ने रु.
<table>
<tr><td>योजना, उ.स.</td><td>दोहोरो पर्ने काम</td><td>परिमाण (व.मी.)</td><td>भुक्तानी भएको</td></tr>
<tr><td>फेदी-कुईकुण्ड सडक स्तरोन्नती उ.स.</td><td>माटोको सतह उप्काउने र लेबल मिलाउने</td><td>१६२५१</td><td>४९६७९३</td></tr>
<tr><td>वडा नं १ का विभिन्न सडक मर्मत उ.स.</td><td>माटोको सतह उप्काउने र लेबल मिलाउने</td><td>६०९७.५</td><td>१८३३८७</td></tr>
<tr><td>वाराङी शाखा तथा गाँउ सडक सरसफाई उ.स. वडा नं ७</td><td>माटोको सतह उप्काउने र लेबल मिलाउने</td><td>२२१३.७</td><td>६७६७३</td></tr>
<tr><td>बर भज्याङबाट फेदापजुङ हुदै</td><td>माटोको सतह उप्काउने र</td><td>४४२०.५</td><td>१३५१२४</td></tr>
</table></td><td>८८२,९७७</td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>फुर्केटार मोटरबाटो मर्मत सम्भार उ स</td><td>लेबल मिलाउने</td><td></td><td></td></tr><tr><td>जम्मा</td><td></td><td></td><td>८८२९७७</td></tr></table> | |
| ६५ | | | **ट्याक कोटबापत बढी भुक्तानी**<br>भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धि नर्म्स Standard specification for Roads and Bridge 2075 अनुसार कालोपत्रे सम्बन्धि काम गराउदा Bitumious Layer मा ट्याक कोट परिमाण प्रति औषत वर्ग मि. ०.५ लिटर का दरले खपत हुनेगरी स्वीकृत भएको तथा कार्यालयले उक्त आइटमको नर्म्स अनुसार काम हुदै गर्दा दैनिक २ पटक गरेको Tray Test रिपोर्ट बेगर प्रति वर्ग मिटर ०.७ लि का दरले भुक्तानी गरेको देखिएकोले देहाय अनुसार बढी भुक्तानी असुल गर्नुपर्ने रु<br><table><tr><td>योजना</td><td>निर्माण व्यवसायी</td><td>क्षेत्रफल sq.m</td><td>भुक्तानी परिमाण Lit</td><td>बढी भुक्तानी With VAT</td></tr><tr><td>परिवर्तन मार्ग कालोपत्रे</td><td>बाराजी कन्सट्रक्सन</td><td>५४८८</td><td>०.७३</td><td>१४२६३४</td></tr><tr><td>जय नेपाल मार्ग कालोपत्रे</td><td>कोटगढी एस जि कन्सट्रक्सन</td><td>३६३८</td><td>०.७३</td><td>९४५५२</td></tr><tr><td>लिटल फ्लावर सिर्जनशील मार्ग कालोपत्रे</td><td>कोटगढी एस जि कन्सट्रक्सन</td><td>२२२२.५५</td><td>०.७३</td><td>५७७६४</td></tr><tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२९४९५०</td></tr></table> | २९४,९५० |
| ६६ | | | **जिन्सी मौज्दात**<br>कार्यालयले सामग्री खरिद गर्दा वास्तविक आवश्यक्ताको आधारमा खरिद गरी त्यसरी खरिद भएको सामग्रीको समुचित प्रयोग गर्नुपर्दछ । पालिकाले यस वर्ष टोल विकास संस्थालाई तथा विभिन्न वडाहरुका लागि देहाय अनुसार रु. ७५७३४०/- को सामग्री खरिद गरेकोमा लेखापरीक्षण अवधी सम्म पनि उक्त सामग्री वितरण नभई जिन्सीमा मौज्दात रहेको पाइयो । यसरी सामग्री खरिद गरी लामो | ७५७,३४० |

<table>
<tr><th>क्रम</th><th>भौ.न.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा समेत ह्रास हुन जान्छ । तसर्थ पालिकाले वास्तविक आवश्यक्ताको आधारमा मात्र सामग्री खरिद गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गरी समुचित उपयोग गर्न ध्यान पुर्याउनुपर्ने देखिएको रु.
<table>
<tr><th>भौ नं.</th><th>खरिद विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>५९५</td><td>अफिस टेबल १२ पिस प्लाष्टिक चेयर ६० पिस</td><td>१८९८४०</td><td>टोल विकास संस्थाको लागि खरिद</td></tr>
<tr><td>६४५</td><td>दराज २३ सेट</td><td>३६८०००</td><td>टोल विकास संस्थाको लागि खरिद</td></tr>
<tr><td>११५१</td><td>डस्टविन खरिद</td><td>१९९५००</td><td>वडा अन्तरगत सार्वजनिक स्थलको लागि खरिद</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५७३४०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाहरुले एउटै फर्मबाट १० लाख बढी सोझै खरिद गरेको नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>भौ. नं. र मिति</th><th>खरिदको विवरण</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>६,१४१,१६४,२१५ पालिका पुँजीगत</td><td>पाइप खरिद</td><td>नेपाल प्लाष्टिक प्रा लि</td><td>११२९१५५</td></tr>
<tr><td>८,३२४,१५२ पालिका पुँजीगत</td><td>ह्युम पाईप तथा विद्युत पोल</td><td>शंकर सिमेन्ट तथा कंकृट उद्योग</td><td>१११५०००</td></tr>
<tr><td>२९५,१५४,४५७</td><td>विद्युतीय सामग्री तथा सौर्य</td><td>निलकण्ठ घडी रेडियो विक्री</td><td>१०६७०६७</td></tr>
</table></td><td>३,३११,२२२</td></tr>
</table>

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>पालिका पुँजीगत</td><td>वत्ती खरिद</td><td>सेन्टर</td><td></td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३३११२२२</td></tr></table> | |
| ६८ | | | **डीपीआर**<br>सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण तथा सेवा खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ११२(४क) मा व्यवस्था भए अनुसार परामर्श सेवा खरिदमा सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बिमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले डिपिआरहरु निर्माण र खरिद गर्दा स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको तथा पेशागत दायित्व विमा गराएको देखिएन । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । स्वीकृत नर्म्सको प्रयोग गर्ने, पेशागत दायित्व विमा गराउने तथा अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानेतर्फ पालिकाको ध्यान जानुपर्दछ । (रु. हजारमा)<br><table><tr><td>सि नं</td><td>कार्यक्रमको नाम</td><td>परामर्शदाता</td><td>स्वीकृत बजेट</td><td>खर्च रकम</td></tr><tr><td>१</td><td>नगरपालिका भवनको डीपीआर</td><td>टपकन इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>१९७५५८७</td><td>१९७५५८७</td></tr><tr><td>२</td><td>आरुवोटे पर्यटन पार्कको डिपिआर</td><td>प्रिस्टाइन इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट सर्भिस प्रा लि</td><td>१५०७४००</td><td>१५०७४००</td></tr><tr><td>३</td><td>वडा नं २ को भवन निर्माण डिपिआर</td><td>अमरजानकी कन्सल्ट एण्ड विल्डर्स प्रालि</td><td>४८४७००</td><td>४८४७००</td></tr></table> | |
| ६९ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने | १६७,८२३ |

| क्रम | भौ.न. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । देहायको योजनाहरुमा पालिकाले स्वीकृत नर्म्स अनुसारको दर भन्दा बढी दरले भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने देखिएको रु. | |

| भौचर नं र मिति | योजना | काम | परिमाण | स्वीकृत दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
